पुनरावेदन अदालत पाटन
ललितपुर

फोन न- 5-527816, 5-527817, 5-527669, 5-527891, 5-527892

## बोलपत्र आव्हान वा e-bidding को सूचना

(प्रथम पटक प्रकाशित मिति २०७२/०९/१२)

यस पुनरावेदन अदालत पाटनको एनेक्स भवन निर्माण कार्य शिलबन्दी बोलपत्र वा e-bidding को माध्यमवाट सम्पन्न गर्नु पर्ने भएको हुँदा नेपाल सरकारवाट इजाजत प्राप्त निर्माण व्यवसायीहरुवाट निम्न शर्तको अधिनमा रहि रितपूर्वकको शिलवन्दी बोलपत्र वा e-bidding को माध्यमवाट बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

१. वोलपत्र फारम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समयभित्र इजाजत-पत्र, नविकरण, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण-पत्र, स्थायी लेखा नं.(PAN) लिएको प्रमाण-पत्र, आयकर दर्ता प्रमाण-पत्र, आ.व.२०७१/७२ को कर चुक्ता प्रमाण-पत्रहरुको नोटरी पब्लिकवाट प्रमाणित प्रतिलिपिहरु संलग्न गरी निवेदन पेश गरेमा नगद रु.१०,०००।-(दश हजार) फिर्ता नहुने गरी यस अदालतको आर्थिक प्रशासन शाखावाट तथा सर्वोच्च अदालत, आर्थिक प्रशासन शाखा वाट खरिद गर्न सकिनेछ ।

२. माथि उल्लेखित कार्यालयहरुवाट विक्री भएका वोलपत्र फारमको प्रत्येक महलहरुमा स्पष्टरुपमा भरी प्रत्येक पानामा अधिकार प्राप्त व्यक्तिले सहीछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० वजे सम्ममा पुनरावेदन अदालत पाटन, ललितपुरको नाममा सम्वोधन गरी कामको विवरण, वोलपत्रदाताको नाम, ठेगाना, र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सिलवन्दी लाहाछाप गरी यस अदालतमा मात्र दर्ता गराउनु पर्नेछ ।

३. विक्री भै दर्ता हुन आएका वोलपत्रहरु प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको २:०० वजे गठित मुल्याङ्कन समिति, सरकारी प्रतिनिधिहरु र वोलपत्रदाता वा वोलपत्रदाताहरुको अख्तियार प्राप्त प्रतिनिधिको रोहवरमा यस अदालतको हाता भित्र खोलिने छ ।वोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि वोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

४. वोलपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को लगत्तै कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

५. सिलवन्दी वोलपत्र फारमसाथ जमानत वापत रकम रु.९५,००,०००।-(पन्चान्नब्बे लाख) यस अदालतको आर्थिक प्रशासन शाखामा नगदै दाखिला गरेको सक्कल रसिद वा यस अदालतको कार्यालय कोड नं. २८-२०४-०२ तथा कोष तथा लेखा नियन्त्रक कार्यालय, ललितपुरको नेपाल बैंक लिमिटेड, शाखा कार्यालय, गावहालमा रहेको धरौटी खाता नं. १८०-५१-१६८५६ मा उक्त रकम जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैङ्कवाट "क" वर्गको मान्यता प्राप्त वैङ्कबाट वा कुनै बाणिज्य वैङ्कबाट यस अदालतको नाममा जारी भएको कार्य प्रयोजन एवं ठेक्का नम्वर अनिवार्य रुपमा उल्लेख भएको वोलपत्र जमानत पेश गर्नु पर्नेछ।यसरी पेश गरीने जमानत वोलपत्र दाखिला गर्ने अन्तिम मितिवाट १२० दिन सम्मको म्याद भएको हुनु पर्नेछ ।

६. वोलपत्रदाताले वोलपत्रमा दररेट भर्दा मूल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ । वोलपत्रमा प्रत्येक आइटमवाईज दर अंक र अक्षर दुवैमा स्पष्ट लेखी प्रत्येक पानामा अधिकार प्राप्त व्यक्तिले सहि छाप

रजिष्ट्रार

गरेको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको स्थानमा बोलपत्रदाताको सही र छाप अनिवार्य रुपमा भएको हुनु पर्नेछ ।

७. टर्न ओभर, कार्य अनुभव, जनशक्ति, उपकरण एवं आर्थिक पक्षहरु बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए अनुसार पेश गर्नु पर्नेछ । संयुक्त उपक्रम(Joint-venture) को हकमा मुख्य साझेदार(लिड पार्टनर) को हिस्सा कम्तिमा ४०%(प्रतिशत) तथा अन्य साझेदारहरुको हिस्सा कम्तिमा २५%(प्रतिशत) हुनु पर्नेछ ।

८. कुनै शर्त राखी पेश गरेको, सूचनाको शर्त विपरित भएको, अदालतबाट उपलब्ध गराइएको बोलपत्र फारममा कुनै थपघट गरिएको, रित नपुगेको, म्याद नाघी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

९. बोलपत्र पेश गर्नु पूर्वको बैठक(Pre-bid meeting) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिनको १:०० बजे यस अदालतमा हुनेछ।

१०. नक्कली कागजात पेश गरी वा मिलोमतो गरी बोलपत्रमा भाग लिएको पाईएमा त्यस्ता बोलपत्रदाताको बोलपत्र रद्द गरी कालो सूचीमा समावेश गर्न सम्बन्धीत निकायमा सिफारिश गरिनेछ ।

११. प्राप्त बोलपत्रहरु पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस अदालतमा शुरक्षित रहनेछ ।

१२. बोलपत्र खरिद कर्ताले सार्वजनिक खरिद कार्यमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको, सम्वन्धीत पेशा वा व्यवसायमा कुनै सजाय नपाएको साथै सार्वजनिक खरिद अनुगमन कार्यालयको कालो सूचीमा नपरेको भनी लिखित कवोल गरेको स्व-घोषणा अनिवार्य रुपमा बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

१३. बोलपत्र सम्वन्धी अन्य कुनै कुरा बुझ्न परेमा यस अदालतमा(फोन नं. ०१५५२७८१६) सम्पर्क राख्न सकिने छ ।

१४. यस सूचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य विषयको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावलि, २०६४ तथा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१५. यो सूचना सार्वजनिक खरिद अनुगमन कार्यालयको Website : www.bolpatra.gov.np. र सर्वोच्च अदालतको Website : www.supremecourt.gov.np मा समेत उपलब्ध छ ।

**E-bidding मा भाग लिने बोलपत्रदाताहरुको लागि :-**

१. E-bidding मा भाग लिने बोलपत्रदाताहरुको लागि यस अदालतले सार्वजनिक खरिद अनुगमन कार्यालयको अन्तरिम Portal मा भवन निर्माण सम्बन्धी E-bidding कार्य गरिनेछ । उक्त Web मा Login गरी प्राप्त निर्देशन अनुसार इच्छुक बोलपत्रदाताहरुले भवन निर्माण सम्वन्धी बोलपत्रमा भाग लिन सक्नेछन् ।

२. बोलपत्रसाथ पेश गर्नु पर्ने कागजातहरु E-bidding Portal www.bolpatra.gov.np. मा Scanned Copy Upload गर्नु पर्नेछ । यसरी सहभागी हुने बोलपत्रदाताहरुले बोलपत्र फारम दस्तुर बापतको रकम रु. १०,०००।- (दश हजार) फिर्ता नहुने गरी यस अदालतको नेपाल बैंक लिमिटेड, गाबाहाल, ललितपुरमा रहेको बैंक खाता नं. १८०-४१-२४४०, कार्यालय कोड नं.- २८-२०४-०२ र राजश्व शिर्षक नं. १४२२७ मा नगदै जम्मा गरेको बैंक भौचरको Scanned Copy Upload गर्नु पर्नेछ । बोलपत्र जमानतपत्रको हकमा नेपाल राष्ट्र बैङ्कबाट "क" बर्गको मान्यता प्राप्त बैङ्कबाट वा कुनै बाणिज्य बैङ्कबाट यस अदालतको नाममा जारी भएको कार्य प्रयोजन एवं ठेक्का नम्बर अनिवार्य रुपमा उल्लेख भएको बोलपत्र जमानत पेश गर्नु पर्नेछ। यसरी पेश गरीने जमानत बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्मको म्याद भएको हुनु पर्नेछ वा यस अदालतको कार्यालय कोड नं. २८-२०४-०२ तथा कोष तथा लेखा नियन्त्रक कार्यालय, ललितपुरको नेपाल बैंक लिमिटेड, शाखा कार्यालय, गावहालमा रहेको धरौटी खाता नं. १८०-५१-१६८५६ मा उक्त रकम नगदै जम्मा गरेको बैंक भौचरको Scanned Copy Upload गर्नु पर्नेछ ।

रजिष्ट्रार

३. E-Submission गर्ने बोलपत्रदाताहरुले बोलपत्र दर्ता गर्ने अन्तिम दिन दिनको १२:०० बजे भित्र PDF Format मा Upload गरि सक्नु पर्नेछ । Upload भएका बोलपत्रहरु सोही दिनको २:०० बजे खोलिनेछ ।

४. निर्माण व्यवसायीले E-bidding मार्फत बोलपत्र खोल्ने समयमा निजको E-bid दर्ता भएको नदेखिएमा वा Upload गरिएका फाइल Unreadable Format वा Corrupted भएमा अदालत जवाफदेही हुने छैन र उक्त बोलपत्रदाताको बोलपत्र मूल्याङ्कनमा समावेश गरिने छैन ।

५. E-bidding गर्ने निर्माण व्यवसायीहरुले बोलपत्र खोलेको मितिले सातौं दिन अर्थात २०७२/१०/१८गते २:०० बजे भित्र बोलपत्र जमानत, बोलपत्र खरिद वापतको बैंक भौचरको सक्कलै प्रति तथा आवश्यक सम्पूर्ण Document हरुको सक्कलै Hard Copy र Notary Public बाट प्रमाणित कागजातहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

पुनश्च :- एकै बोलपत्रदाताले सिलवन्दी बोलपत्र वा E-bidding मध्ये कुनै एक वा दुवै माध्यमबाट बोलपत्र पेश गर्न सक्नेछन् । दुवै प्रणाली प्रयोग गरी बोलपत्र पेश गरेको दुई बोलपत्र बिच भिन्नता भएमा दुवै बोलपत्र स्वतः रद्ध हुनेछ ।

## सिलवन्दी बोलपत्र सम्बन्धी विवरण

| सि.नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र जमानत वापत रकम रु. | बोलपत्र दस्तुर | प्रि-विड मिटिङ्ग मिति | बोलपत्र अन्तिम बिक्री मिति | बोलपत्र अन्तिम दर्ता गर्ने र खोल्ने मिति, समय र स्थान |
|---|---|---|---|---|---|---|---|
| ०१ | 02/NCB/CAP/072/73 | Annex Building Construction Works of Court of Appeal Patan | ९५०००००।- | १००००।- | २१औं दिनको १:०० बजे | ३०औं दिनको कार्यालय समय भित्र | दर्ता ३१औं दिनको १२:०० बजे भित्र र खोल्ने सोही दिनको २:००बजे यस अदालतको हाता भित्र । |

रजिष्ट्रार